Sangam®

सुरुङ्गा नगरपालिका, सप्तरी | कार्यपालिका बैठक | २०८२।०५।०६

<u>प्रस्तावहरु:</u>

१. वातावरणीय परिक्षण प्रतिवेदन (I.E.E) स्वीकृत तथा ठेक्का व्यवस्थापन सम्बन्धमा ।
२. करारमा कर्मचारी भर्ना सम्बन्धमा ।
३. विविध
   (क) भुक्तानी सम्बन्धमा ।
   (ख) I.E.E प्रतिवेदन अध्ययन तथा सुझाव समिति गठन सम्बन्धमा ।
   (ग) आर्थिक सहयोग सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

प्रस्ताव नं.१ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका क्षेत्रभित्र अवस्थित शिसवारी, चहका र बलान खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणबाट प्राकृतिक स्रोत उपयोग कर संकलनका लागि वातावरणीय प्रभाव मुल्यांकन तथा दीगो रुपमा उत्खनन गर्न सकिने नदीजन्य पदार्थको परिमाण एकिनका लागि यस कार्यालय र श्री इन्भाइरोमेन्ट एन्ड इन्जिनियरिङ्ग रिसर्च सेन्टर प्रा.लि. कोटेश्वर, काठमाण्डौं बीच वातावरणीय परिक्षण प्रतिवेदन तयारका लागि मिति २०८२।०३।२६ मा भएको सम्झौता बमोजिम उक्त परामर्शदाताबाट प्राप्त देहाय बमोजिमको प्रारम्भिक प्रतिवेदन स्वीकृत गरि दैनिक उत्खनन गर्न सकिने परिमाण २९८.८३ घन मिटर बमोजिम कुल ठेक्का अवधि २०८२ असोज १ देखि २०८३ जेठ ३१ सम्म २७१ मध्ये सूचनाको अवधि ३१ दिन मुल्यांकनको लागि ४ दिन आशयको सूचना १० दिन र सम्झौता गर्न आउने सम्बन्धको जानकारी पत्र २४ दिन गरि ठेक्का सम्झौता सम्मको लागिलाग्ने अनुमानित (३१+४+१०+२४=६९ सार्वजनिक विदा समेत गरि) उनान्सत्तरी दिन मध्ये असोज,कार्तिकको २४,२१ दिन गरि जम्मा ४५ दिन घटाई (२७१-४५=२२६) बाँकी दिन २२६ को दैनिक उत्खनन गर्न सकिने परिमाण (५३.९७+१८०.२२+६४.६४)=२९८.८३ घन मिटरको दरले कुल परिमाण (२२६•२९८.८३)=६७५३५.५८ घन मिटरको लागि मधेश प्रदेश आर्थिक ऐन,२०८२ मा उल्लेखित अधिकतम दररेट रु २०० प्रति घन मिटरका दरले हुन आउने रकम रु१,३५,०७,११६/- भ्याट बाहेक (अक्षेरुपी एक करोड पैतिस लाख सात हजार एक सय सोह) मा १३% भ्याट समावेश गरि कुल रु १,५२,६३,०४१.१ (अक्षेरुपी एक करोड बाउन्न लाख त्रिसट्ठी हजार एकचालीस पैसा एक मात्र) को न्यूनतम ठेक्का अंक कायम गरी ठेक्का बन्दोबस्तको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

देहाय:-

| सि.नं | खोलाको नाम | बार्षिक उत्खनन परिमाण घनमिटर | दैनिक उत्खन्न परिमाण घनमिटर | कुल उत्खनन दिन | प्रति घन मि दर | भ्याट बाहेक रकम रु | भ्याट | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | बलान | १४५७३.५४ | ५३.९७ | २२६ | २०० | २४३९४४४ | १३% | २७५६५७१.७ |
| २ | चहका | ४८६५९.५२ | १८०.२२ | २२६ | २०० | ८१४५९४४ | १३% | ९२०४९१६.७ |
| ३ | शिसवारी | १७४५३.४६ | ६४.६४ | २२६ | २०० | २९२१७२८ | १३% | ३३०१५५२.६ |
| जम्मा | | ८०६८६.५२ | २९८.८३ | २२६ | २०० | १३५०७११६ | १३% | १५२६३०४१ |